# सुन्दरहरैंचा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बिराटचौक, मोरङ, १ न.प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना न. ७ ( प्रकाशित मिति : २०७५/०८/१४)**

यस कार्यालयबाट तपशिलमा उल्लेखित मालसामान खरिद तथा आपुर्ती गराउनु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी, आधिकारीक बिक्रेता वा सप्लायर्स हरुबाट निम्न सर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. ईच्छुक योग्यता पुगेका **सिलबन्दी दरभाउपत्रदाताले** १५औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि तपसिल बमोजिमको नगदै तिरी नगदी रसिदका साथ आ.ब. २०७५।०७६ को लागी नबीकरण भएको ईजाजतपत्र, स्थायी लेखा नम्बर तथा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.ब. २०७४।०७५ को कर चुक्ता गरेको पत्रको प्रतिलिपी संलग्न राखी दरभाउपत्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. **शिलबन्दी दरभाउपत्रहरु** १६औं दिन **दिनको १२.००** बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिन दिनको १.०० बजे कार्यालयका प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त दरभाउपत्रहरु खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको कृषि विकास बैक लि. ईन्द्रपुर शाखा बिराटचौक स्थित **धरौटी खाता नं. ०६०१५०११४७६३००३० मा** दाखिला गरेको सक्कल बैंक भौचर वा कम्तीमा ७५ दिनको म्याद भएको मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बैंक जमानत पत्र (बैंक ग्यारेण्टी) पेश गर्नुपर्ने छ ।

४. दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. रीत नपुगी वा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. दर्ता भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउपत्रमा पेश गर्नेको पत्राचार गर्ने ठेगाना, सम्पर्क फोन नं., इमेल आइडी स्पष्ट संग लेख्नुपर्ने छ ।

८.दरभाउपत्र पेश गर्दा खामको बाहिर माथी कामको विवरण तथा ठेक्का न. लेखि तल यस कार्यालयको नाम लेख्नुपर्ने छ ।

९. खरिद तथा आपुर्ती गर्ने सामाग्रीहरु दरभाउपत्र साथ संलग्न स्पेसिफिकेसनमा उल्लेख भएका शर्त अनुसारका हुनुपर्नेछ ।

१०. एउटा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

११ दरभाउपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरीने छ ।

१२ दरभाउपत्रको परिक्षण र मुल्यांकन, सूचनाको शर्तहरु, बिड डकुमेन्ट, स्पेसिफिकेसन तथा प्रचलित ऐन नियम अनुसार हूनेछ ।

१३.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामवली २०६४ तथा प्रचलित अन्य कानुन बमोजिम हुनेछ ।

१४.यस सम्वन्धि अन्य कुरा वुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी वुझ्न सकिने छ र यस कार्यालयको वेभ साईट http://www.sundarharaichamun.gov.np मा समेत हेर्न सक्नूहूनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु. (भ्याट वाहेक) | जमानत रकम रु. | दरभाउपत्र फाराम दस्तुर | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | SHM/MOR/G/SQ/RD 05 – 2075/076 | ACSR कन्डक्टर बिद्युत तार तथा जडान सामाग्री खरीद तथा सप्लाई | १६,८०,३३१।४१ | ४८०००।०० | १०००.०० | |
| २ | SHM/MOR/G/SQ/RD 07– 2075/076 | मसलन्द तथा कार्यालय सामग्री खरीद तथा सप्लाइ | १७,५२,२४५।०० | ५००००।०० | १०००.०० | |